# हिल स्टेशनको गुरूयोजना र DPR निर्माण कार्यको कार्यक्षेत्रगत शर्त (Term Of Reference-TOR)

१. पृष्ठभूमी

प्राकृतिक, भौगोलिक, धार्मिक र साँस्कृतिक विविधतायुक्त यस प्रदेशमा पर्यटन उद्योग विकासका धेरै सम्भावनाहरु रहेका छन्। आन्तरिक पर्यटनका लागि पनि यो प्रदेश देशकै अग्रणी मानिन्छ। प्रदेश सरकारको दीर्घकालीन सोचमा पर्यटन क्षेत्रको विकास एवम् बृद्धि मार्फत आर्थिक समृद्धिमा योगदान गर्ने रहेको छ। यस सोचलाई पुरा गर्न प्रदेशमा भएका हिल स्टेशनहरुको पहिचान, विकास, बजारीकरण, प्रवर्द्धन र संरक्षण गरी प्रदेश सरकारको लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन हिल स्टेशनको गुरूयोजना र DPR निर्माणको कार्यक्रम स्वीकृत भएको छ।

प्रदेश सरकारको आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम (बु.नं.७०) मा भारतीय र आन्तरिक पर्यटकहरुलाई आकर्षित गरी पर्यटन प्रवर्द्धन गर्न प्यूठानको स्वर्गद्धारी, रोल्पाको होलेरी, अर्घाखाँचीको नरपानी, पाल्पाको श्रीनगर र गुल्मीको रेसुङ्गामा हिल स्टेशन निर्माण गरिने नीति लिइएको छ। साथै प्रदेश सरकारको आ.व.२०७७/७८ को बजेट वक्तव्य (बु.नं.१५२) मा प्यूठानको स्वर्गद्धारी, रोल्पाको होलेरी, अर्घाखाँचीको नरपानी, पाल्पाको श्रीनगर र गुल्मीको रेसुङ्गामा हिल स्टेशन निर्माणको सम्भाव्यता अध्ययन सम्पन्न गरिने कुरा उल्लेख गरिएको छ। सोही बमोजिम यसै आ.व.मा हिल स्टेशनको गुरूयोजना र DPR निर्माण कार्यको रु.३५ लाख बजेट विनियोजन गरिएको छ। यस कार्यको लागि विषयगत विज्ञता अभावको कारण मन्त्रालयको जनशक्तिबाट सम्पादन गर्न नसकिने भएकोले परामर्श सेवा खरिद गरी कार्य सम्पन्न गर्ने प्रयोजनार्थ प्रस्तुत कार्यक्षेत्रगत शर्त (TOR) तयार गरिएको छ।

२. कार्यक्रमको लक्ष्य

प्रदेश स्तरमा रहेका महत्वपूर्ण हिलस्टेशनहरुको पहिचान गरी ती स्थानहरुमा उल्लेखनीय रुपमा पर्यटक बृद्धि हुने गरी हिल स्टेशनको विकास गरी प्रदेशको आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन मार्फत स्थानीय तथा प्रादेशिक अर्थतन्त्रमा योगदान पुऱ्याउने।

३. कार्यक्रमको उद्देश्य

- तोकिएका हिल स्टेशनहरुको दीर्घकालिन विकासको खाका सहितको गुरुयोजना निर्माण गर्नु,
- गुरुयोजनाले प्रक्षेपण गरेको मूख्य मूख्य कार्यक्रमको DPR तयार गर्नु,
- हिल स्टेशन संचालनबाट सम्वन्धित ठाउँमा पर्न सक्ने आर्थिक, सामाजिक र वातावरणीय पक्षको अध्ययन गर्नु।



Scanned with CamScanner

### ४. कार्यक्रमले समेटने स्थान र क्षेत्र

देहाय बमोजिमका ५ स्थानको गुरुयोजना र DPR तयार गर्नुपर्नेछ।

क. स्वर्गद्वारी क्षेत्रः-प्युठान जिल्लाको स्वर्गद्वारी नगरपालिका स्थित धार्मिक तथा प्राकृतिक सम्पदाले भरिपूर्ण पर्यटकीय गन्तव्य स्थलको रुपमा रहेको स्वर्गद्वारी क्षेत्र,

ख. ह्लोलेरी क्षेत्रः रोल्पा जिल्लाको रुन्टीगढीगाउँपालिकामा रहेको महत्वपूर्ण प्राकृतिक तथा ऐतिहासिक स्थलको रुपमा परिचित रहेको पर्यटकीय स्थल,

ग. श्रीनगर क्षेत्रः- पाल्पा जिल्लाको तानसेन नगरपालिकामा रहेको सुन्दर र रमणीय स्थलको रुपमा रहेका श्रीनगर क्षेत्र,

घ. नरपानी क्षेत्रः- अर्घाखाँची जिल्लाको सुन्दर र रमणीय स्थलको रुपमा रहेको नरपानी क्षेत्र,

ङ. रेसुङ्गा क्षेत्रः- गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिका स्थित महत्वपूर्ण प्राकृतिक एवम् धार्मिक क्षेत्र।

### ५. सम्पादन गर्नुपर्ने कार्यहरु

परामर्शदाताले उल्लिखित पाँच स्थानहरुमा गुरुयोजना (Master Plan) तथा विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गर्नुपर्नेछ। यसमा देहाय बमोजिमको कार्यहरु गर्नु पर्नेछ।

### ५.१ हिल स्टेशनको गुरुयोजना (Master Plan)

प्रत्येक उल्लिखित स्थानको विशिष्ट मौलिक पहिचान र थप दुई सहायक विशिष्टता निकर्यौल गरी सोही विशिष्टतामा आधारित रही उक्त स्थानको दुरदृष्टि, लक्ष्य, रणनीति, कार्यनीति, प्राथमिकता निर्धारण गरी देहायका विषयहरु समेटी हरेक स्थानको अलग अलग गुरुयोजना निर्माण गर्नुपर्नेछ।

**क. गुरुयोजना दस्तावेजको समीक्षा तथा प्रारम्भिक परामर्शः-**

यी स्थानहरुको विगतमा हिलस्टेशन निर्माण र संचालन सम्वन्धी विभिन्न सरकारी निकाय तथा संघ संस्थाहरुबाट भएका अध्ययन, प्रकाशन र प्रतिवेदनहरु पुनरावलोकन गर्ने तथा सरोकारवालाहरुसँग छलफल गर्ने।

**ख. हिलस्टेशन संचालनको सम्भावनाः-**

भौतिक पूर्वाधार विकास गर्दा स्थानीय वस्तुकलालाई मुख्य प्राथमिकता दिई समग्र उद्देश्य(Land Scope) को लागि उपयुक्त हुने गरी गर्नुपर्ने छ र सोको औचित्य समेत उल्लेख गर्नुपर्ने छ।

- ✓ स्थानीय जनशक्तिको रोजगारीको अवस्था र यसले रोजगारीमा पार्ने प्रभाव,
- ✓ पर्यटकको आगमनले स्थानीय कला संस्कृति सम्वर्द्धन पार्ने प्रभाव(सकारात्मक/नकरात्मक),
- ✓ जग्गा प्राप्तीको कानूनी आधार र प्रकृया,



Scanned with CamScanner

- ✓ स्थानीय उत्पादनमा पार्ने प्रभाव र त्यसको उपयोग
- ✓ हिल स्टेशनको व्यवस्थापन तथा संचालन विधि।

**ग. स्रोतको उपज, आधारभूत तथ्याङ्क, सर्वेक्षण र नक्साङ्कनः-**

यस अन्तरगत प्रत्येक हिल स्टेशनमा देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछ-

- ✓ प्राकृतिक पूर्वाधारको पहिचान र नक्शाङ्कन,
- ✓ स्थानीय कला, धर्म, संस्कृति, रीतिरिवाज तथा प्रमुख चाडपर्व र जात्राको पहिचान गर्नुपर्ने र तिनीहरुको प्रवर्द्धन गर्ने विषय,
- ✓ स्थानीय कृषि उपज र हस्तकला उत्पादनको पहिचान गरी समुदायले आर्थिक लाभ हाँसिल गर्ने किसिमको हिलस्टेशनको सम्भाव्य कोशेली/मायाको चिनो सिफारिस र प्रवर्द्धन गर्ने विषय,
- ✓ महत्वपूर्ण पर्यटकीय स्थान र पर्यटन उपज (Tourism Product) को पहिचान र नक्शाङ्कन,
- ✓ प्रस्तावित हिल स्टेशन सम्बन्धी सामाजिक तथा आर्थिक अवस्था विश्लेष्ण गर्ने,
- ✓ विस्तृत सर्वेक्षण(Detailed Topographic Survey),
- ✓ भौगोलिक अध्ययन (Geological Investigation),
- ✓ भू-स्वामित्व सम्बन्धी अध्ययन,
- ✓ वित्तिय विश्लेण,
- ✓ आवश्यक अन्य विषय।

**घ. भौतिक पूर्वाधार विकास योजनाः-**

यसमा प्रत्येक हिल स्टेशनहरुमा स्थानीय तह र सरोकारवालाहरुसँग चरणवद्ध रुपमा छलफल गरी हिल स्टेशनको दुरदृष्टि, लक्ष्य, उद्देश्यहरु तय गरी अन्य कुराका अतिरिक्त देहाय बमोजिमका सम्भावित भौतिक पूर्वधारहरुको व्यवस्थापन गुरुयोजना र डिजाइन गर्नुपर्नेछ। यसमा हरेक भौतिक पूर्वाधारको लागि लाग्ने अनुमानित लागत गुरुयोजनामा नै विषयगत क्षेत्र बनाइ प्रस्तुत गर्नु पर्नेछ। यि क्रियाकलापहरुलाई प्राथमिकिकरण गरी महत्वपूर्ण तत्काल गर्नुपर्ने कार्यक्रमहरुको DPR तयार गरी छुट्टै प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ।

- ✓ बाल उद्यान तथा मनोरन्जन
- ✓ पदमार्ग, हरित पार्क, घाँसे मैदान,
- ✓ होटल तथा रेस्टुरेन्ट सुविधा,
- ✓ महत्वपूर्ण पर्यटकीय स्थानहरुको विकास,
- ✓ हरियाली विकास(समग्र क्षेत्रलाई सदावहार हरियाली कायम कसरी गर्ने?),
- ✓ साहसिक पर्यटन क्षेत्र निर्माण,
- ✓ पानीको उपलब्धता भएका स्थानहरुमा बृहत्तर ताल वा फोहोरा निर्माण,
- ✓ कोसेली घर र साँस्कृतिक घर व्यवस्थापन,

- ✓ यातायात व्यवस्थापन तथा पार्किङ क्षेत्र,
- ✓ पर्यटक सूचना केन्द्र र सभाहल,
- ✓ सुविधा सहित क्याम्पिङ क्षेत्र,
- ✓ खानेपानी, संचार तथा विद्युतीकरण,
- ✓ ढल तथा फोहोरमैला व्यवस्थापन,
- ✓ धार्मिक क्षेत्र र अन्य पर्यटकीय क्षेत्रसँगको अन्तरसम्बन्ध(Linkage),
- ✓ स्वास्थ्य सेवा तथा औषधी उपचार केन्द्र,
- ✓ प्रशासनिक संरचना, खेलमैदान, पार्किङ व्यवस्था, सुरक्षा व्यवस्था र दृश्यावलोकन क्षेत्र ,
- ✓ जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गर्नु पर्ने कार्यहरु,
- ✓ यस्तै प्रकारका अन्य उक्त क्षेत्रका सरोकारवालासँग छलफलको क्रममा उठेका प्रस्तावहरु समेत प्राथमिकिकरण गरी सो कम्पोनेन्ट समेत समावेश गरी गुरुयोजना तयार गर्नुपर्ने,
- ✓ निजी जग्गामा घर/पसल/होटल/रेष्टुरेन्ट आदि संरचनाको दायित्व सम्बन्धित धनीकै हुने र बजारले नै नयाँ संरचनाको माग गर्ने भएता पनि हालका फरक साईजका कच्ची साँगुरा घर बस्ती र आन्तरिक बाटाघाटाहरुलाई घरको संरचनामा एकरुपता ल्याउने आवश्यक परेमा थप भित्रि बाटाहरु निर्माण गर्ने, फराकिले बनाउने लगायतका बजार संरचना र योजना स्थानीय तह र सरोकारवालाको सहभागितामा उनीहरुले नै गर्ने गरी खाका तयार गर्ने।

**ङ. गुरुयोजनाको मोडलिङः-**

प्रस्तावित हिल स्टेशनहरुको गुरुयोजना बमोजिम तयार हुने अन्तिम स्वरुप(सम्पुर्ण प्राकृतिक एवम प्रस्तावित संरचनाहरु समावेश गरी) 2D नक्शा र 3D भिडियो तथा फोटाहरु तयार गर्नुपर्ने,

**५.२ हिल स्टेशनको DPR तयारी**

**क.साइटमा आधारित वास्तु डिजाइन/नक्शा र गुरुयोजनाको तयारीः**

गुरुयोजनालाई अन्तिम रुप दिई सकेपछि महत्वपूर्ण र तत्काल गर्नुपर्ने विषयहरुको विस्तृत डिजाइन तथा नक्शा तयार गर्ने,

ख. संरचनात्मक विश्लेषण डिजाइन तथा नक्शाहरु तयार गर्ने,

ग.लागत अनुमान तयार गर्ने, लाभ लागत विश्लेषण गर्ने र परियोजनाको BOQ र SPECIFICATION तयार गर्ने,



Scanned with CamScanner

५.३ वातावरणीय पक्षको अध्ययन र विश्लेषण गरी आयोजना संचालन गर्दा IEE वा EIA के गर्नु पर्ने हो सोको सुझाव प्रस्तुत गर्ने,

५.४ प्रस्तावित संरचनाको तालिका बनाइ कस्ले गर्ने भनी छुट्ट्याने:-

| संघ | प्रदेश | स्थानीय तह | जनता/समुदाय/सहाकारी | निजी क्षेत्र |
|---|---|---|---|---|
| | | | | |

६. अपेक्षित उपलब्धि:-

प्रस्तावित ठाउँहरुको गुरुयोजना र विस्तृत परियोजना प्रतिवेदन तयार भई गुणात्मक सुझाव सहित उपयुक्त योजनाहरु प्राप्त हुनेछ।

७. प्रस्तावित परियोजनाको कार्यबोझ:-

| कार्यहरु | कार्यबोझ |
|---|---|
| १.गुरुयोजना तयारीको (क), (ख), (ग), (घ) र (ङ) मा तोकिएका कार्यहरु | ६० |
| २. DPR तयारीको (क), (ख), (ग) मा तोकिएका कार्यहरु | ४० |
| जम्मा | १०० |

८. परामर्शदाताले पेश गर्ने प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयहरु:-

खण्ड – १ गुरुयोजना

तोकिएको ठाउँहरुको हरेकको अलग अलग हुने गरी दीर्घकालिन रणनीति सहितको विस्तृत गुरुयोजना निर्माण गर्नुपर्नेछ। यसमा डिजाइन अवधारणा, आवश्यकता विश्लेषण, वित्तिय विश्लेषण, सामाजिक, आर्थिक तथा वातावरणीय प्रभाव र विश्लेषण, भौगोलिक तथा वातावरणीय अध्ययन, लगानीको पहिचान र आधार, तत्कालिन, मध्यकालिन तथा दीर्घकालिन कार्य, रणनीति, स्थलगत भ्रमणको प्रमाण (बैठकको निर्णय, फोटो आदि)।

खण्ड-२ विस्तृत परियोजना प्रतिवेदन

यस अन्तरगत डिजाइन अवधारणा, नक्शा, वास्तुकला नक्शा, संरचनात्मक विश्लेषण र डिजाइन, सेनेटरी, विजुलीबत्तिको डिजाइन, ढल व्यवस्थापन नक्शा र उपयुक्त मापनमा २D नक्शा र ३D भिडियो तथा फोटोहरु सहित देहाय बमोजिमको विषयहरु समावेश गर्नुपर्नेछ:-

- ✓ Detail Architectural Design
- ✓ Detail Structural Design and Drawings in A3 size format



Scanned with CamScanner

- ✓ Detailed Electrical Design and Drawings
- ✓ Detailed Sanitary Design and Drawings

लागत अनुमान तयारी

- ✓ विस्तृत लागत अनुमान तथा लागत दर विश्लेषण,
- ✓ Consolidated abstract of cost,
- ✓ Bill of Quantities (BoQ),

९.कार्य सम्पादन गर्ने विधी **(methodology)**

९.१ फिल्ड जानु पहिले

प्रस्ताव गरिएका सबै हिल स्टेशनको सन्दर्भ सामग्री अध्ययन गरी स्पष्ट कार्ययोजना र उपलब्ध स्रोत साधनको विस्तृत विवरण तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ।

९.२ फिल्डमा गर्नुपर्ने कार्य र विधि

स्थानीय तह र सरोकारवालाहरुसँग पटक पटक छलफल गरी क्षेत्र निर्धारण, सिमा निर्धारण र क्रियाकलापाहरुको प्राथमिकिकरण गर्ने। आर्थिक, सामाजिक एवम् वातावरणीय पक्षको विश्लेष्ण सहित सर्वे, टोपोग्राफीकल सर्वे, जियोटेक्निकल अध्ययन गर्ने र छलफल, प्रश्नोत्तर जस्ता विधि प्रयोग गरी तथ्याङ्क संकलन गर्न सकिनेछ।

९.३ प्रतिवदेन तयारी

स्थलगत रुपमा संकलन गरिएका तथ्यहरुको आधारमा दीर्घकालिन रणनीति सहितको विपयगत क्षेत्र अनुसारको विस्तृत गुरुयोजना तयार गर्ने र DPR तयार गर्दा क्षेत्रगत नक्शा तयारी एवम् संरचनागत विश्लेषण र डिजाइन, आर्किटेक्चरल डिजाइन तयार गर्ने, गोष्ठी लगायत विधि प्रयोग गर्न सकिनेछ।

यस TOR मा उल्लेखित विधी सुझावको लागि राखीएको छ। अध्ययन टोलीले अझै परिस्कृत विधि उल्लेख गरेमा र मन्त्रालयले उपयूक्त ठाने पश्चात उक्त विधि मान्य हुनेछ ।

१०. अनुगमन र सहजीकरण

सम्बन्धित कार्यको गुणस्तर नियन्त्रण गर्न मन्त्रालयबाट कामको आवश्यकता अनुसार टोली खटाईने छ। परामर्श दाताको Field टोलीले मन्त्रालय सँगै नियमित सम्पर्कमा रही कार्य गर्नुपर्ने छ र मन्त्रालयबाट खटिने टोलीले मन्त्रालयमा नियमित रिपोटिङ्ग गर्नुपर्नेछ ।



Scanned with CamScanner

११. मन्त्रालयले गर्ने सहयोग :

मन्त्रालयले मातहतका कार्यालयहरुसँग समन्वय र भएका तथ्याङ्क/प्रकाशनहरु उपलब्ध गराउन समन्वय गरिदिनेछ। यातायातखर्च, वास खर्च लगायत अध्ययनसँग लाग्ने सम्पुर्ण खर्च परामर्शदाताले नै व्यहोर्नु पर्नेछ।

१२. परामर्श दाताले पेश गर्नुपर्ने प्रतिवेदनहरु र अन्य विषयहरु

१२.१ प्रारम्भिक प्रतिवेदन (Inception report)

- अध्ययनको अन्तिम विधी
- प्रारम्भिक जानकारीहरु
- फिल्डको समय तालिका र समग्र कामको तालिका

१२.२ फिल्ड प्रतिवेदन

- संकलन गरिएका तथ्याङ्क
- फिल्ड फोटो र भिडियोहरु
- हिलस्टेशन क्षेत्रहरुको जिपिएस विन्दुहरु र नक्शाका SHAPE FILES को सफ्ट कपि

१२.३ मस्यौदा प्रतिवेदन

कार्यक्रमको उद्देश्य बमोजिम संकलित तथ्याङ्कको विश्लेषण सहित सि.नं. ५ मा उल्लेखित सवै विषयहरु समेटीएको मस्यौदा प्रतिवेदन मन्त्रालयका सुझावको लागि पेश गर्नुपर्नेछ।

१२.४ कार्यशाला गोष्ठी

मन्त्रालयवाट प्राप्त सुझावलाई समेत समेटी तयार भएको अन्तिम मस्यौदा प्रतिवेदनलाई परामर्शदाताले मन्त्रालय र सरोकारवालाको उपस्थितीमा कार्यशाला गोष्ठीको आयोजना गरी प्रस्तुत गरी प्राप्त राय सुझाव प्रतिवेदनमा समेटनु पर्नेछ।

१२.५ अन्तिम प्रतिवेदन

प्रस्तावित सवै हिलस्टेशनहरुको अन्तिम प्रतिवेदन गुरुयोजना नेपाली भाषामा र DPR अंग्रेजी भाषामा अलग अलग र रंगिन हुनु पर्नेछ। प्रतिवेदनको साँरांश नेपाली र अंग्रेजी दुवै भाषामा हुनुपर्नेछ। उक्त प्रतिवेदनको सफ्ट कपि सहित हरेकको १० प्रति हार्ड कपि पनि पेश गर्नुपर्नेछ।



Scanned with CamScanner

१३. समय सिमा :

यस कार्यको लागि कूल ३ महिना समय तोकिएको छ। परामर्शदाताले निम्न समय सिमामा निम्न मुख्य कार्य सम्पादन गर्नुपर्नेछ ।

| सि.नं. | कार्य प्रगती सुचक | समय सिमा |
|---|---|---|
| १. | प्रारम्भिक प्रतिवेदन पेश | सम्झौताको मितिले १५ दिन भित्र |
| २. | मस्यौदा प्रतिवेदन पेश | सम्झौताको मितिले ७५ दिन भित्र |
| ३. | अन्तिम प्रतिवेदन पेश | र.म्झौताको मितिले ९० दिन भित्र |

१४.मुख्य जनशक्ति, जनशक्तिको योग्यता र उपलब्ध गराउनु पर्ने समय

परामर्शदाताले कार्यसम्पादनको लागि निम्न जनशक्तिको टिम सम्झौता मितिले ३ महिनाको लागि उपलब्ध हुने सुनिश्चितता गर्नुपर्नेछ ।

| क सं | मानवस्रोतको विवरण | संख्या | सम्बन्धित क्षेत्रमा न्यूनतम अनुभव | न्यूनतम योग्यता |
|---|---|---|---|---|
| १ | अर्वन पलानर | १ | ५ वर्ष | अर्वन प्लानिङमा स्नातकोत्तर गरेको |
| २ | पर्यटन विज्ञ | १ | ५ वर्ष | टुरिज्म विपयमा स्नातकोत्तर गरेको |
| ३ | स्ट्रक्चरल इन्जिनियर | १ | ५ वर्ष | स्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर गरेको |
| ४ | जियोलोजिस्ट | १ | ५ वर्ष | जियोलोजि विपयमावा जियोटेक्निकल इन्जिनियरिङमा स्नातकोत्तर गरेको |
| ५ | वातवरणविद | १ | ५ वर्ष | वातावरण विपयमा वा वातारण इन्जिनियरिङमा स्नातोकत्तर गरेको |
| ६ | वन विज्ञ | १ | ५ वर्ष | वन विज्ञान विपयमा स्नातकोत्तर गरेको |
| ७ | सिभिल इन्जिनियर | १ | ५ वर्ष | सिभिल इन्जियरिङमा स्नातक गरेको |
| ८ | आर्किटेक्ट | १ | ५ वर्ष | आर्किटेक विपयमा स्नातक गरेको |
| ९ | अर्थशास्त्री | १ | ५ वर्ष | अर्थशास्त्र विपयमा स्नातकोत्तर गरेको |
| १० | सिनियर सर्वेयर | १ | ५ वर्ष | सर्वे/जियोमेटिक्स/सिभिल इन्जिनियरिङ स्नातक गरेको |
| ११. | सव इन्जिनियर | ४ | ३ वर्ष | सिभिल इन्जियरिङमा स्नातक गरेको |

**नोटः**- जनशक्तिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्दा नोटरी पब्लिकवाट प्रमाणित भएको प्रतिलिपि तथा सम्वन्धित जनशक्तिको सहमतिपत्र पेश गर्नुपर्नेछ।



Scanned with CamScanner

१५. परामर्श दाता संस्था/फर्म/कम्पनीको वान्छनीय योग्यता:

प्रस्ताव गरेको काम सँगै मिल्ने समान प्रकृतीको कामको कम्तीमासात वर्षको अनुभव भएको परामर्शदाता हुनुपर्दछ । उक्त कागजातका अतिरिक्त परामर्श दाताले प्रस्ताव साथ निम्न कागजात पेश गर्नुपर्नेछ ।

- प्रस्ताव सम्बन्धी आवेदन
- संस्थाको उद्देश्य र लक्ष्यहरु
- संस्थाको कानूनी दस्तावेज (दर्ता, नविकरण, भ्याट दर्ता, आ.व.२०७६/७७ को कर चुक्ता वा म्याद थपको कागजात)
- विगत ३ वर्षमा भएको कारोवारको विवरण(लेखा परीक्षण प्रतिवेदन)
- कामसँग सम्वन्धित भौतिक संरचना र औजार उपकरणहरुको उपलब्धता
- संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र
- प्रस्ताव गरेका विज्ञहरुको सहमती पत्र र व्यक्तिगत विवरण (CV)

१६. सेवा प्रदायकको छनौट प्रकृया :

(क) प्रस्ताव माग गरिने :-

पन्ध्र दिनको सुचना दिई आशयपत्र (EOI-Expression of interest) माग गरिनेछ। आशयपत्रको मूल्याङ्कन अनुसुचि १ बमोजिम हुनेछ। प्राप्त भएका प्रास्ताव मूल्याङ्कन गरी अधिकतम अङ्क प्राप्त गर्ने ३-६ जना प्रस्तावदाताहरुको संक्षिप्त सूचि तयार गरी निजहरुवाट ३० दिनको सूचना दिई प्राविधिक र आर्थिक प्रस्ताव माग गरिनेछ ।

(ग) प्रस्तावको छनौट :-

सि.नं. १६(क) बमोजिम संक्षिप्त सूचीमा पर्न आएका प्रस्तावको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेखित प्रावधानहरुको आधारमा रही मूल्याङ्कन गरिने छ। पहिले प्राविधीक प्रस्ताव मूल्याङ्कन गरेर मात्र आर्थिक प्रस्तावको मूल्याङ्कन गरिनेछ। प्राविधि.क प्रस्तावको मूल्याङ्कन भार ८० % र आर्थिक प्रस्तावको मूल्याङ्कन भार २०% हुनेछ। मूल्याङ्कनमा सवैभन्दा वढी अङ्क प्राप्त गर्ने प्रस्तावदातालाई यस कार्यका लागि छनौट गरिनेछ।

१७. कार्यक्रम वजेट

यस कार्यक्रमको लागि कूल रु.चौतिस लाख उन्नासय हजार सात सय चौवन्न ( भ्याट र कन्टिजेन्सी समेत) लागत अनुमान रहेको छ ।

Scanned with CamScanner

अनुसुची-१

## आशयपत्र मूल्याङ्कनको ढाँचा

परामर्शदाता संस्थाको देहाय बमोजिमको संस्थागत ग्राह्यता पुगेका संस्थाको देहाय बमोजिका मूल्याङ्कनको आधारमा रही अधिकतम अङ्क प्राप्त गर्ने ३-६ वटा संस्थाहरुको संक्षिप्त सूची तयार गरिनेछ।

### क.परामर्शदाता संस्थाको ग्राह्यता परिक्षण

| सि.नं. | विवरण | कैफियत |
|---|---|---|
| १. | संस्था दर्ताको प्रमाणपत्र(नवीकरण/अद्यावधिक भएको ) | |
| २. | आ.व.२०७६/७७ करचुक्ता प्रमाणपत्र वा म्याद थपको कागजात | |
| ३. | भ्याट दर्ताको प्रमाण पत्र | |
| ४. | विगत ३ वर्षको कारोवार पुष्टि हुने कागजातहरु(लेखा परीक्षण प्रतिवेदन) | |
| ५. | कालो सूचिमा नपरेको स्वघोषणा | |

### ख. परामर्शदाता संस्थाको प्राविधिक सक्षमता परीक्षण

| सि.नं. | विवरण | अङ्कभार |
|---|---|---|
| १. | **परामर्शदाता संस्थाको अनुभव** | ४० |
| क. | सामान्य अनुभव | १५ |
| ख. | प्रस्तावित कामसँग सम्बन्धित अनुभव | २० |
| ग. | लुम्बिनी प्रदेश भित्र गरेको कामको अनुभव | ५ |
| २. | **संस्थागत सक्षमता** | १० |
| क. | वार्षिक औसत कारोबार रु.५० लाख भन्दा बढी भएमा | १० |
| ख. | वार्षिक औसत कारोबार रु.४०-५० लाख सम्मा भएमा | ८ |
| ग. | वार्षिक औसत कारोबार रु.३० लाख भन्दा बढी र ४० लाख भन्दा कम भएमा | ६ |
| घ. | वार्षिक औसत कारोबार रु.३० लाख भन्दा कम भएमा | ० |
| ३. | **जनशक्तिको योग्यता र अनुभव** | ५० |
| क. | प्रस्तावित जनशक्तिको शैक्षिक योग्यता | २५ |
| ख. | प्रस्तावित जनशक्तिको अनुभव | २५ |

नोटः- आशय पत्र छनौटको लागि न्यूनतम ६० अङ्क ल्याउनु पर्नेछ।

Scanned with CamScanner